**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०५ जून २०२५**
**समयः १८:५० – १९:०० बजे**

## मुख्य समाचार

- आज विश्व पर्यावरण दिवस हो। यस अवसरमा राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति जगदीप धनखड़ र प्रधानमन्त्री नरेन्द्र मोदीले नागरिकहरुलाई पृथ्वीको रक्षा गर्ने प्रतिबद्धताको पुष्टि गर्ने आह्वान गर्नुभएको छ।

- पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता ब्यानर्जीले प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेट गर्न आगामी हप्ताको समय माग्नुभएको छ।

- गोर्खाल्याण्ड क्षेत्रिय प्रशासन (जीटीए) अनि खरसाङ खण्ड पञ्चायत समिति तथा खरसाङ खण्ड विकास विभाग एवम् स्वच्छ भारत मिशन(ग्रामीण) को संयुक्त आयोजनामा आज गाडीधुरामा जीटीए स्तरीय विश्व पर्यावरण दिवस पालन गरियो।

- सन्त जोसेफ स्कूल दार्जिलिङको तत्परतामा आठवटा विद्यालयले सामूहिक रूपमा जिल्ला शासकलाई दार्जीलिङको ट्राफिक व्यवस्थापन विषय लिएर एउटा ज्ञापन पत्र सुम्पिएका छन्।

- पश्चिम बंगालमा पछिल्लो 24 घण्टामा कोरोना भाइरसको 1 सय छ नयाँ मामिला प्रकासमा आएको छ। सक्रिय मामिलाको सङ्ख्या पाँच सय अड्तीस पुगेको छ।

## संशो विश्व पर्यावरण दिवस.संदेश

विश्व पर्यावरण दिवसको अवसरमा राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति जगदीप धनखड़ अनि प्रधानमंत्री नरेंद्र मोदीले मानिसहरुलाई आफ्नो संकल्पलाई दहिलो बनाउने र पृथ्वीको रक्षाको लागि आफ्नो प्रतिबद्धता पुष्टि गर्ने आह्वान गर्नु भएको छ । राष्ट्रपति मुर्मुले सोशल मीडिया पोस्टमाए पर्यावरणको लागि प्रतेक पाइलाले एक अंतर उत्पन्न गर्ने अनि सामूहिक प्रयासहरुले भविष्यको पीढ़िहरुको लागि पृथ्वीलाई हरित बनाउन सकिने छए भन्नु भएको छ । उहाले मानिसहरुलाई पर्यावरण अनुकूल व्यवहारलाई बढ़ावा दिन पनि आग्रह गर्नु भयो । उपराष्ट्रपति धनखड़ले आफ्नो पोस्टमा सबै जीवित प्राणिहरुको कल्याण, सबैको स्वास्थ्य सित आंतरिक रूपले जोडिएको बताउनु भएको छ । उहाले सबैको लागि हरियालीए स्वच्छ अनि अधिक लचीलो भविष्यको निम्ति सामूहिक कार्रवाईको पनि आह्वान गर्नु भयो । प्रधानमंत्री मोदीले पर्यावरणको रक्षा माथि एउटा वीडियो साझा गर्नु भयो । उहाले पर्यावरणलाई हरित, स्वच्छ अनि सुन्दर बनाउनको लागि जमीनी स्तरमा काम गर्ने सबै नागरिकहरुको सराहना गर्नु भयो ।

## ममता वनर्जी

पश्चिम बंगालकी मुख्यमंत्री ममता व्यानर्जीले प्रधानमंत्री नरेन्द्र मोदीसित भेट गर्न अघिल्लो सप्ताहको समय माग्नुभएको छ। यस भेटको उद्देश्य केन्द्र प्रायोजित योजना अन्तर्गत राज्येले पाउनपर्ने लंबित राशिमाथि बातचित गर्न रहेको छ। राज्य सचवालयका सूत्रहरू का अनुसार मुख्यमंत्री कार्यालय द्वारा प्रधानमंत्री कार्यालयलाई यस सम्बन्धमा एक औपचारिक अनुराध पठाईएको छ जसमा १० जुनको बैठकका लागि प्राथमिकता दिइएको छ। पीएमओ क्षरा अनुमति स्वीकृत गरिएमा मुख्यमंत्री ९ जुनको राति नयाँ दिल्ली तर्फ प्रस्थान गर्नेछन्। दिल्ली प्रवासको अवधि ममता व्यानर्जी आफ्ना दलका सांसदहरूसित भेट गर्न सकने संभावना जाहेर गरिन्दैछ। उल्लेखनीय छ मुख्यमंत्री व्यानर्ज्री पछिल्ला केही समयदेखि

लागातार केन्द्र सरकारमाथि कटाक्ष गरिरहेका छन्। मुख्यमंत्री अनुसार , प्रधानमंत्री आवास योजना र प्रधानमंत्री ग्राम सड़क योजना जस्ता कतिपय योजनाहरू अर्न्तगत राज्यलाई अहिले १ दशमलव ७५ लाख करोड़को बकाया राशि भुक्तान गरिएको छैन। अर्कोतर्फ भाजपा नेताहरूले बताएका छन् कि प्रधानमंत्री आवास योजना अर्न्तगत बंगालमा लाखैं गरीब परिवारहरूका निम्ति पक्का घर निमार्ण भइसकेको छ। यसरी नै महिलाहरूलाई उज्जवला योजना अर्न्तगत एसपीजी कनेक्शन जड़ान गरिएवापत स्वास्थ्य र स्वच्छता दुवैमा सुधार आएको छ। राज्य भाजपा प्रवक्ता समिक भट्टचार्यले जल जीवन मिशन अर्न्तगत राज्यका ग्रामीण इलाकाहरूमा लाखै घरहरू सम्म नलबाट जल पुगिसकेको साथै डीबीटि प्रणालीबाट भष्ट्रचारमा कमी आएको उल्लेख गर्दै यी सबै योजनाहरूको प्रचार प्रसार वृहत रूपमा गरिने बताएका छन्।

## खरसाङ विश्व पर्यावरण दिवस

गोर्खाल्याण्ड क्षेत्रिय प्रशासन अनि खरसाङ खण्ड पञ्चायत समिति तथा  खरसाङ खण्ड विकास विभाग एवम् स्वच्छ भारत मिशन(ग्रामीण) को संयुक्त आयोजनामा आज गाडीधुरामा जीटीए स्तरीय विश्व पर्यावरण दिवस पालन गरियो। यस अवसरमा यहाँ स्वच्छ पर्यावरण सम्बन्धी जागरूक गराउँदै एउटा र्‍याली निकालियो। उक्त र्‍यालीले सम्पूर्ण गाडीधुरा क्षेत्रको परिभ्रमण गरेपछि यहाँको सार्वजनिक भवनमा आएर विशेष कार्यक्रम गरियो। कार्यक्रमको मुख्य अतिथिका रुपमा जीटीएका प्रमुख कार्यपाल अनित थापा उपस्थित थिए भने विशिष्ट अतिथि दार्जीलिङ जिल्ला शासक प्रिति गोयलए आइएएसए जीटीएका मुख्य सचिव सुदेन छिरिङ भूटिया लगायत जीटीएका सभासदहरूए पञ्चायत समितिका अध्यक्षहरूए खरसाङ महकुमा अधिकारीए विभिन्न खण्डका अधिकारीहरूए पञ्चायत प्रधानहरूए उपप्रधानहरूए विभागीय अधिकारीहरू आदि उपस्थित थिए। यसै अवसरमा दार्जीलिङ अनि कालेबुङ जिल्लाका केही ग्राम पञ्चायतहरू जसले स्वच्छताको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् ती ग्राम पञ्चायतहरूलाई सम्मान प्रदान गरियो। त्यसरी नै पर्यावरणको थीमलाई लिएर राखिएको विद्यालय स्तरीय बस अनि चित्र बनाऊ प्रतियोगिताका प्रथमए दोस्रो अनि तेस्रो हुने विद्यालयलाई पारितोषिक वितरण गरियो। कार्यक्रममा स्वच्छ भारत मिशन अन्तर्गत दार्जीलिङ अनि कालेबुङ जिल्लाका विभिन्न खण्डहरूलाई ग्राम पञ्चायतभित्रका मैला कुचैलाहरू लैजाने गाडीहरू पनि कार्यक्रमका मुख्य एवम् प्रमुख अतिथिहरूको बाहुलीबाट वितरण गरियो भने ती गाडीहरूलाई मुख्य अतिथि जीटीए प्रमुख कार्यपाल अनित थापाको बाहुलीबाट हरियो झण्डा देखाएर प्रस्थान गरियो। यसै अवसरमा वेस्ट म्यानेजमेन्ट पोर्टल रमाईलो खरसाङ पोर्टलको पनि उद्घाटन गरियो।यसैगरी खरसाङ एसोसिएसन फर टुरिज्म एण्ड कन्जरभेशनको आयोजनामा पनि आज विश्व पर्यावरण दिवस पालन गर्दै वृक्ष रोपणको कार्य सम्पन्न गरिएको छ। यस संस्थाले आज खरसाङको चिमनीए देउराली क्षेत्रमा वृक्ष रोपणको कार्य गरेका छन्। विश्व पर्यावरण दिवसको अवसरमा यस संस्थाले विशेष गरेर विभिन्न फल र फूलका २०० वटा जति बिरुवाहरु रोप्ने कार्य सम्पन्न गरेका छन्। यस वृक्ष रोपणको कार्यको मुख्य उद्देश्य प्लास्टिकमुक्त खरसाङ क्षेत्रए पर्यटकीय स्थलहरूको सुन्दरीकरण र नयाँ पर्यटकीय स्थलहरू चिन्हित गरेर पर्यटन व्यवसायमा सहयोग गर्नु रहेको बताइएको छ।

## विश्व पर्यावरण दिवस

आज विश्व पर्यावरण दिवसए 2025 को अवसरमा दार्जिलिङ फरेस्ट  डिभिजन अन्तर्गत दार्जिलिङ रेन्जले डा. ऋतुराज दर्नालए आर.ओ. दार्जिलिङ रेन्जको  सञ्चालनमा  विभिन्न ठाउँहरूमा वृक्षारोपण गरे।  प्लास्टिक प्रदूषण अन्त्य गर्न  रेन्ज कार्यालय कम्पाउन्डबाट घुम भञ्ज्याङ गाउँसम्म र्‍याली निकालिएको थियो भने उचित प्लास्टिक फोहोर/विसर्जन व्यवस्थापन मार्फत प्लास्टिक प्रदूषण न्यूनीकरण सम्बन्धी जागरूकता कार्यक्रमको पनि आयोजना  गरिएको थियो।  यसै क्रममा 10 औं  अनि  12 औं कक्षाको परीक्षामा 80 प्रतिशत भन्दा बढी अंक प्राप्त गर्ने विद्यार्थीहरूलाई सम्बर्धना पनि जनाईयो।

## सन्त जोसेफ्स स्कूल

आज विश्व पर्यावरण दिवसको उपलक्ष्यमा सन्त जोसेफ स्कूलको तत्परतामा आठवटा विद्यालयले सामूहिक रूपमा जिल्ला शासकलाई दार्जीलिङको ट्राफिक व्यवस्थापन विषय लिएर एउटा ज्ञापन पत्र चढाएको छ। सन्त जोसेफ्स स्कूल नर्थ पोइन्ट, माउन्ट हर्मन, लरेटो कन्भेन्ट, सन राइज स्कूल, रुइया स्कूल, विद्या विकास एकाडेमी, ज्ञानोदय निकेतन, एस.भी.डी.ए आदि

स्कूलका विद्यार्थीहरूले हातमा पर्यावरणलाई हानि पुऱ्याउने वस्तुहरूका प्रयोग निषेध, दार्जीलिङ स्वच्छ अभियान, ट्राफिक व्यवस्थापन, चालकहरूले अनावश्यक हर्न बजाउन निषेध जस्ता विविध समस्या अनि सरोकारहरूलाई प्लाकार्डमा प्रदर्शनी गर्दै ऱ्यालीको आयोजना गरी जिल्ला शासकको कार्यालयमा पुगेर ज्ञापन पत्र चढाएको छ। जिल्ला शासक डा.प्रिती गोयल, आइ.ए.एस.को अनुपस्थितिमा उप जिल्ला शासक सुमित कुमार राई, आई.ए.एस अनि जिल्ला महकुमा अधिकारी रिचर्ड लेप्चालाई भेट गरी शिक्षक एवम् विद्यार्थी प्रतिनिधिहरूले ज्ञापन पत्र चढाउँदै सम्बन्धित दिशामा ठोस कदम उठाइदिने आग्रह गरेका छन्।

**<u>बंगाल कोरोना</u>**

पश्चिम बंगालमा पछिल्लो २४ घण्टामा कोरोना भाइरस संक्रमणको १०६ वटा नयाँ मामला अधि आएको छ।यो जानकारी आज बिहान केन्द्रिय स्वास्थ्य अनि परिवार कल्याण विभागद्वारा जारी गरिएको आधिकारिक आकंड़ामा दिइएको हो। मंत्रालय अनुसार राज्यमा अब कुल ५३८ सक्रिय मामला दर्ता गरिएको छ। आस्वस्थ्य हुने विषय यो छ कि यसै अवधि ६१ जना संक्रमणबाट ठीक पनि भएका छन्। यद्वपि संक्रमणबाट कसैको मृत्यु भएको पुष्टि भएको छैन अनि राज्यमा मृत्यु हुनेको संख्या अहिले पनि एक मै स्थिर छ। राज्य सरकारको निगरानीमा स्वास्थ्य सेवाहरू पहिले भन्दा सतर्क भएको छ अनि सार्वजनिक स्वास्थ्य उपायहरूलाई सुदृढ़ बनाईन्दैछ। विशेषज्ञहरूले भनेका छन् कि संक्रमणको मामला घटेको छ तर लापरवाही गर्नाले संक्रमण फेरी फैलन सक्नेछ।

**<u>सुन्तले बस्तीमा उद्घाटन</u>**

आज नयाँ नोर ग्राम पञ्चायत अन्तर्गत सुन्तले बस्तीमा कवि कैलाश पाण्डे मार्गको उद्घाटन वरिष्ठ नागरिक देवीलाल शर्मा अनि स्व. पाण्डेकी आमाको बाहुली द्वारा गरियो। एक असल शिक्षक तथा कवि कैलाश पाण्डेको गत 19 फरवरी 2024 को दिन आकस्मिक निधन भएको थियो। आज उनै कवि कैलाश पाण्डेको स्मृतिमा सुन्तले बस्ती अन्तर्गत रहेको सडकको नाम कैलाश पाण्डे मार्ग नामकरण गरियो।